(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,
(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,
(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवद्र्धन गरी लगत राख्ने,
(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

**ङ. सिफारिस तथा प्रमाणित गर्ने**

(१) नाता प्रमाणित गर्ने,
(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,
(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,
(५) मोही लगत कट्टाको सिफारिस गर्ने,
(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,
(७) जन्म मिति प्रमाणित गर्ने,
(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस गर्ने,
(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजि भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक—फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्यांकन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

(३) उपदफा (१) बमोजिम कार्यपालिकाबाट वडा समितिको काम, कर्तव्य र अधिकार नतोकिएसम्म वडा समितिले उपदफा (२) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

(४) वडाबाट गरिने कार्य वडा कार्यालयको नाममा हुनेछ ।

**१२. न्यूनतम दररेट निर्धारण गर्नेः**

(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

**१३. समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः**(१) कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्याविधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिम हुनेछ ।

**१४. परिचालन र समन्वय गर्नेः**

गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवद्र्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

**१५. कार्यविभाजन र कार्यसम्पादनः**

(१) कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको नियमावलीबाट पदाधिकारीको कार्यविभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः—

**क. अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकारः**अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आ≈वानरअन्त्यगर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) दफा १२ को खण्ड ङ. बमोजिम वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) गाउँपालिका तथा नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) गाउँपालिका तथा नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

**ख. उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारः**उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने।

**ग. वडा अध्यक्षको काम, कर्तव्य र अधिकारः**

वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

(२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,

(३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने,

(४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,

(५) दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,

(६) सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,

(७) कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

घ. कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकारः कार्यपालिकाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) कार्यपालिकाको बैठकमा भाग लिने,

(२) अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको कार्य गर्ने,

(३) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**१६. बैठक र निर्णयः**(१) कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ ।

(५) कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुनेछ ।

**१७. अधिकार प्रत्यायोजनः**(१) कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समितिका सदस्य, आफू अन्तर्गतका समिति, उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) वडा समिति वा वडा अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

# रोहिणी गा.पा.मा कार्यरत कर्मचारी विवरण

## कर्मचारी संख्या

## स्थायी कर्मचारी

**प्रशासन तर्फ**

| क्र.स. | नाम थर | पद | सम्पर्क न. |
|---|---|---|---|
| १ | श्री जगत बहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०१७०९७ |
| २ | श्री मनिश पाण्डे | वरिष्ठ लेखा अधिकृत | ९८५७०९१०१० |
| ३ | श्री दीपा सुवेदी | वरिष्ठ प्रशासकीय अधिकृत | ९८६७०२४३६७ |
| ४ | श्री विकास ज्ञवाली | वरिष्ठ प्रशासकीय अधिकृत | ९८४९५१६७८० |
| ५ | श्री कर्ण कुमार क्षेत्री | सहायक प्रशासकीय अधिकृत | ९८४७१५७८४० |
| ७ | श्री प्रकाश पछाई | सहायक लेखाअधिकृत | ९८६७७१२०७८ |
| ८ | श्री विमला आचार्य | सहायक आन्तरिक लेखा परीक्षण अधिकृत | ९८४००४२३३८ |
| ९ | श्री विमला पौडेल | सहायक प्रशासकीय अधिकृत | ९८६५४७३५११ |
| १० | श्री शान्ती कुमारी यादव | म.वि.नि.पाँचौ | ९८४४७८३७१६ |
| १२ | श्री बबिता कुमारी यादव | बरिष्ठ प्रशासन सहायक | ९८५७०१७४८१ |
| १३ | श्री मन्जु ज्ञवाली | बरिष्ठ प्रशासन सहायक | ९८६६०९४८०८ |
| १४ | रविलाल पौडेल | बरिष्ठ प्रशासन सहायक | ९८४९२२६०५४ |
| १५ | पूर्णिमा घिमिरे | बरिष्ठ प्रशासन सहायक | ९८६७०४८५९० |

| | | | |
|---|---|---|---|
| १६ | बलिराम चौधरी | बरिष्ठ प्रशासन सहायक | ९८५७०१५२८४ |
| १७ | लव बहादुर घर्ति | बरिष्ठ प्रशासन सहायक | ९८४७१२६७७९ |
| १८ | आनन्द लाल कर्ण | बरिष्ठ प्रशासन सहायक | ९७४५४०८६२१ |
| १९ | श्री सन्जित सिंह | कार्यालय सहयोगी | ९८०४८१३१९५ |
| २० | श्री रामवचन कोहार | कार्यालय सहयोगी | ९८१९४०४६८२ |
| २१ | श्री नरसिङ यादव | कार्यालय सहयोगी | ९८१५४८५३११ |
| २३ | दुर्गामाया गुरुङ | कार्यालय सहयोगी | ९८१५४९११२६ |
| २४ | राधेश्याम सुनार वर्मा | कार्यालय सहयोगी | ९८४७४८०२९० |

**शिक्षा तर्फ**

| क्र.स. | नाम थर | पद | सम्पर्क न. |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद भट्टराई | वरिष्ठ शिक्षा अधिकृत | ९८४१०५३७७३ |
| २ | श्रीसुनिता न्यौपाने | सहायक शिक्षा अधिकृत | ९८६७१७११०९ |

**प्राविधिक तर्फ**

| क्र.स. | नाम थर | पद | सम्पर्क न. |
|---|---|---|---|
| १ | श्री शशी कुमार चौधरी | वरिष्ठ इन्जिनियर | ९८६७४०००५२ |
| २ | श्री श्रीनिवास यादव | प्राविधिक अधिकृत | ९८४००९३१४७ |
| ३ | श्री राजकुमार मिश्र | सव—ईन्जिनियर | ९८५७०१०५२२ |
| ४ | श्री प्रविन घिमिरे | सव—ईन्जिनियर | ९८४७४६५६४० |
| ५ | श्री अजय कुमार तेली | सव— ईन्जिनियर | ९८४७२३१६६८ |

**कृषी तर्फ**

| क्र.स. | नाम थर | पद | सम्पर्क न. |
|---|---|---|---|
| १ | श्री जितेन्द्र यादव | सहायक कृषि प्रसार अधिकृत | ९८०६९६८१७८ |
| २ | श्री ओम प्रकाश यादव | कृषी प्राविधिक | ९८६७१११५९० |

**पशु तथा मत्स्य**

| क्र.स. | नाम थर | पद | सम्पर्क न. |
|---|---|---|---|
| १ | श्री बृहस्पती भट्टराई | सहायक मत्स्य विकास अधिकृत | ९८४७०२११९४ |

# करार तथा दैनिक ज्यालादारी

## गाउँपालिकाको कार्यालयमा कार्यरत करार कर्मचारी

| क.स. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | निता पौडेल | सूचना प्रविधि अधिकृत | करार |
| २ | शोभा डुम्रे | जनस्वास्थ्य अधिकृत | करार |
| ३ | विशाल सिहं क्षेत्री | ईन्जिनियर | करार |
| ४ | धमेन्द्रपाल | रोजगारसंयोजक | करार |
| ५ | बिनोद कुमार ठाकुर | ना.प.से.प्रा. | करार |
| ६ | सुरेन्द्रकुमार चौधरी | एम.आई.एस.अपरेटर | करार |
| ७ | विजय कुमार यादव | फिल्ड सहायक | करार |
| ८ | कमला चौधरी | उद्यम विकास सहजकर्ता | करार |
| ९ | राजेश कुमार मिश्र | उद्यम विकास सहजकर्ता | करार |
| १० | बिनोद कुमार ठाकुर | ना.प.से.प्रा. | करार |
| ११ | धमेन्द्र यादव | अमिन | करार |
| १२ | सरस्वती खनाल पोखेल | स.कम्प्यूटर अपरेटर | करार |
| १३ | मुना वि.क. | स.कम्प्यूटर अपरेटर | करार |
| १४ | दुर्गेश यादव | अ.सब.इ | करार |
| १५ | सत्य नारायण प्रजापती | का.सहयोगी | करार |
| १६ | देवेन्द्र कुमार मिश्र | का.सहयोगी | करार |
| १७ | गंगा प्रसाद लोनिया | का.सहयोगी | करार |
| १८ | श्रवण कुमार चौधरी | का. सहयोगी | करार |
| १९ | पवन कुमार गौड | कार्यालय सहयोगी | करार |

## वडा कार्यालयमा कार्यरत करार कर्मचारी

| क.स. | नामथर | पद | **कार्यरत संस्था** |
|---|---|---|---|
| १ | अनिल कुमार यादव | ना.प.से.प्रा. | वडानं.२ |
| २ | माधव न्यौपाने | ना.प.से.प्रा. | वडानं. ५ र ६ |

| | | | |
|---|---|---|---|
| ३ | हरि नारायण थारु | ना.प.से.प्रा. | वडानं.४ |
| ४ | कृष्ण मोहन यादव | स.कम्प्यूटर अपरेटर | वडानं.३ |
| ५ | सुनिता मल्लाह | स.कम्प्यूटर अपरेटर | वडानं.६ |
| ६ | धनकुमारी पाण्डे | स.कम्प्यूटर अपरेटर | वडानं.७ |
| ७ | मुस्तकिम फकिर | स.कम्प्यूटर अपरेटर | वडानं.५ |
| ८ | परागराज बर्मा | स.कम्प्यूटर अपरेटर | वडानं.४ |
| ९ | बृजलाल कोहार | का.सहयोगी | वडानं.५ |
| १० | परशुराम यादव | कार्यालय सहयोगी | वडानं.४ |
| ११ | महेन्द्र घर्ति | कार्यालय सहयोगी | वडानं.६ |
| १२ | जय प्रकाश यादव | का.सहयोगी | वडानं.७ |

**स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारी**

| क्र.स. | नामथर | पद | **कार्यरत संस्था** |
|---|---|---|---|
| १ | उमेश कु.वनिया | एमबुलेन्स चालक | वोदवार स्वा.चौकी |
| २ | दुर्गा प्रसाद चौधरी | ह.सवारी चालक | धकधई प्रा.स्वा.के. |
| ३ | सन्जु चौधरी | मनोपरामर्श कर्ता | धकधई प्रा.स्वा.के. |
| ४ | सुस्मा के.सी. | अ.न.मी. | पोखरभिण्डी स्वा. चौकी |
| ५ | पिङ्गला यादव | ल्याब असिष्टेन्ट | वोदवार स्वा.चौकी |
| ६ | उषा कुमारी यादव | कविराज/वैद्य | वोदवार स्वा.चौकी |
| ७ | गंगोत्री चौधरी | अ.न.मी. | वोदवार स्वा.चौकी |
| ८ | रमेश कुमार गुप्ता | का.सहयोगी | छिपागढ स्वा.चौकी |
| ९ | दिपेन्द्र प्र.चौधरी | का.सहयोगी | वोदवार स्वा.चौकी |
| १० | उमेश कुमार यादव | का.सहयोगी | धकधई प्रा.स्वा.के. |
| ११ | हिरा कुमारी कामी | का.सहयोगी | वोदवार स्वा.चौकी |
| १२ | दिलिप कुमार कुर्मि | का.सहयोगी | वोदवार स्वा.चौकी |

**फायरम्यान पदमा करार सेवामा रहेका कर्मचारी**

| **क्र.स.** | **नामथर** | **पद** | **कार्यरत संस्था** |
|---|---|---|---|
| १ | नविन कुमार सिंह | फायरम्यान | रोहिणी गा.पा. |

| | | | |
|---|---|---|---|
| २ | उमेश कुमार यादव | फायरम्यान | रोहिणी गा.पा. |

**ज्यालादारीमा कार्यरत कर्मचारी**

| क्र.स. | नाम, थर | पद | कार्यरतसंस्था |
|---|---|---|---|
| १ | रिंकु कोहार | नापी प्राविधिक | रोहिणी गा.पा. |
| २ | बिपना सुनार | नापी प्राविधिक | रोहिणी गा.पा. |
| ३ | शिव कुमार यादव | हलुका सवारी चालक | रोहिणी गा.पा. |
| ४ | कुमारी रिता हरिजन | स्विपर | रोहिणी गा.पा. |
| ५ | अनिल कुमारचौधरी | कार्यालय सहयोगी | वडा नं. ३ |
| ६ | रामाज्ञा हरिजन | कार्यालय सहयोगी | वडा नं. ४ |
| ७ | रवि चन्द्रकेवट | कार्यालय सहयोगी | वडा नं. २ |
| ८ | अर्जुनप्रसाद यादव | कार्यालय सहयोगी | रोहिणीगा.पा. |
| ९ | नागेन्द्र कुमार मिश्र | कार्यालय सहयोगी | रोहिणीगा.पा. |
| १० | रामाशंकर बर्मा | कार्यालय सहयोगी | वडा नं. ७ |
| ११ | अकलेश यादव | कार्यालय सहयोगी | वडा नं. ५ |

**अन्य निकायबाट नियुक्ती लिई यस कार्यालयमा कार्यरत करार कर्मचारी**

| क्र.स. | नामथर | पद | सेवा | कैफियत |
|---|---|---|---|---|
| १ | राधा आर.सी. | सामाजिक परिचारिका | करार | वैकल्पिक उर्जा |
| २ | शुसिला ज्ञवाली | अ.न.मी चौथो(रोमीगनर्स) | करार | प्रदेश सरकार |
| ३ | शान्ता अधिकारी | अ.न.मी चौथो(रोमीगनर्स) | करार | प्रदेश सरकार |
| ४ | डा. अजय कुमार पासी | मेडिकलअधिकृत | करार | छात्रावृद्धि करार |
| ५ | प्रकाश वि.क. | ना.प्रा.स. चौथो | करार | कृषि ज्ञान केन्द्र |
| ६ | मेघनाथ प्रसाद यादव | पशुसेवा प्रा. | करार | प्रदेश सरकार |

## सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीः दीपा सुवेदी, वरिष्ठ प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृतः जगत बहादुर बस्नेत

# ऐन, नियम,विनियम वा निर्देशिकाको सूचि

| सि.न. | प्रकाशन मिति | विषय | बर्ष | अंक | भाग | प्रमाणित गर्ने प्र.प्र.अ. |
|---|---|---|---|---|---|---|
| सि.न. | कानूननिर्माण | राजपत्रमा प्रकाशन मिति | बर्ष | अंक | भाग | मिनप्रसाद भट्टराई |
| १ | रोहिणी गाउँ सभभा संचालन कार्यविधि २०७४ | २०७४।०४।१० | १ | १ | २ | मिनप्रसाद भट्टराई |
| २ | रोहिणी गाउँ कार्यपालिका(कार्य विभाजन नियमावली २०७४ | २०७४।०४।१० | १ | २ | २ | मिनप्रसाद भट्टराई |
| ३ | रोहिणी गाउँ कार्यपालिका(कार्यसम्पादन)नियमावली २०७४ | २०७४।०४।१० | १ | ३ | २ | मिनप्रसाद भट्टराई |
| ४ | रोहिणी गाउँकार्यपालिकाको बैठक संचालन कार्यविधि २०७४ | २०७४।०४।१० | १ | ४ | २ | मिनप्रसाद भट्टराई |
| ५ | रोहिणी गाउँकार्यपालिकाको निर्णय वा आदेशर अधिककार पत्रकोप्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ | २०७४।०४।१० | १ | ५ | २ | मिनप्रसाद भट्टराई |
| ६ | रोहिणी गाउँपालिकाको विनियोजन ऐन,२०७४ | २०७४।०५।०७ | १ | २ | १ | मिनप्रसाद भट्टराई |
| ७ | रोहिणी गाउँपालिकाको आर्थिक कार्यविधि ऐन,२०७४ | २०७४।१२।०९ | १ | ६ | १ | मिनप्रसाद भट्टराई |
| ८ | स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन , २०७४ | २०७४।१२।०९ | १ | ७ | १ | मिनप्रसाद भट्टराई |
| ९ | रोहिणी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ | २०७४।१२।०९ | १ | ८ | १ | मिनप्रसाद भट्टराई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | रोहिणी गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धि ऐन, २०७४ | २०७४।१२।०९ | १ | ८ | १ | मिनप्रसाद भट्टराई |
| ११ | रोहिणी गाउँपालिकाको आर्थिक ऐन,२०७४ | २०७४।०५।०७ | १ | ९ | १ | मिनप्रसाद भट्टराई |
| १२ | रोहिणी गाउँपालिकाको सहकारी ऐन,२०७४ | २०७४।१२।०९ | १ | ९ | १ | मिनप्रसाद भट्टराई |
| १३ | रोहिणी गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ | २०७४।१२।०९ | १ | ११ | १ | मिनप्रसाद भट्टराई |
| १४ | रोहिणी गाउँपालिकाको शिक्षा ऐन,२०७४ | २०७४।१२।०९ | १ | १२ | १ | मिनप्रसाद भट्टराई |
| १५ | प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन , २०७४ | २०७४।१२।०९ | 1 | 13 | 1 | मिनप्रसाद भट्टराई |
| १६ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि , २०७५ | २०७५।०१।०८ | २ | १ | २ | मिनप्रसाद भट्टराई |
| १७ | घ बर्गको निर्माण ब्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ | २०७५।०१।०८ | २ | ५ | २ | मिनप्रसाद भट्टराई |
| १८ | रोहिणी गाउँपालिकाको करार सेवासम्बन्धि कार्यविधि, २०७५ | २०७५।०१।०८ | २ | ८ | २ | मिनप्रसाद भट्टराई |
| १९ | रोहिणी गाउँपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापनकार्यविधि, २०७५ | २०७५।०१।०८ | २ | ७ | २ | मिनप्रसाद भट्टराई |
| २० | रोहिणी गाउँपालिकाका पदाधिकारीहरूको आचारसंहिता, २०७५ | २०७५।०३।२३ | २ | २ | २ | मिनप्रसाद भट्टराई |
| २१ | अनाथ तथा जोखिम युक्त बालबालिका लागि सामाजिक सुरक्षाकार्यक्रम(संचालन कार्यविधि) ऐन, २०७५ | २०७५।०३।२४ | २ | ७ | १ | मिनप्रसाद भट्टराई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | रोहिणी गाउँपालिकाको आर्थिक ऐन,२०७५ | २०७५।०३।२४ | २ | ७ | १ | मिनप्रसाद भट्टराई |
| २३ | गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | २०७५।०३।२४ | २ | ८ | १ | मिनप्रसाद भट्टराई |
| २४ | रोहिणी गाउँपालिकाको विनियोजन ऐन,२०७६ | २०७६।०४।०१ | ३ | १ | १ | मिनप्रसाद भट्टराई |
| २५ | रोहिणी गाउँपालिकाको आर्थिकऐन,२०७६ | २०७६।०४।०१ | ३ | २ | १ | रोमनाथ न्यौपाने |
| २६ | रोहिणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७६ | २०७६।०८।२५ | ३ | ३ | २ | रोमनाथ न्यौपाने |
| २७ | रोहिणी गाउँपालिकाको विपद् ब्यस्थापनकोष(संचालन)कार्य विधि ,२०७६ | २०७६।०८।२५ | ३ | ४ | २ | रोमनाथ न्यौपाने |
| २८ | रोहिणी गाउँपालिकाको मत्स्य विकास तथा प्रबर्धन कार्यक्रम संचालनकार्य विधि ,२०७७ | २०७७।०१।२६ | ४ | १ | २ | रोमनाथ न्यौपाने |
| २९ | रोहिणी गाउँपालिकाको आर्थिकऐन,२०७७ | २०७७।०३।२५ | ४ | २ | १ | रोमनाथ न्यौपाने |
| ३० | रोहिणी गाउँपालिकाको विनियोजन ऐन,२०७७ | २०७७।०३।२५ | ४ | ३ | १ | रोमनाथ न्यौपाने |
| ३१ | घ वर्गको निर्माण ब्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५मासंशोधन | २०७७।०६।२० | ४ | ४ | २ | रोमनाथ न्यौपाने |
| ३२ | "एम्बुलेन्स "सेवा सञ्चालन निर्देशिका," २०७७ | २०७७।०८।२९ | ४ | ५ | २ | रोमनाथ न्यौपाने |
| ३३ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणकार्यविधि २०७७ | २०७७।०८।२९ | ४ | ६ | २ | रोमनाथ न्यौपाने |
| ३४ | स्थानीय वातावरण तथा प्रकृतिक संरक्षण ऐन २०७७ | २०७७।११।१० | ४ | ७ | १ | रोमनाथ न्यौपाने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | आर्थिक ऐन २०७७ मा संशोधन(अतिरिक्ताङ्क) | २०७७।११।१० | ४ | ८ | १ | रोमनाथ न्यौपाने |
| ३६ | मानव बेचविखन पिडित / प्रभावितहरुको उद्धार,स्ववदेश फिर्ति तथापुर्रस्थापना कोष संचालन तथा व्यवस्थापन निर्देशिका ,२०७७ | २०७७।१२।२३ | ४ | ९ | २ | रोमनाथ न्यौपाने |
| ३७<br>३८ | रोहिणीगाउँपालिकाकोअनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८<br>रोहिणीगाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ | २०७८।०३।०७<br>२०७८।०३।०७ | ५<br>५ | १<br>२ | २<br>२ | रोमनाथ न्यौपाने |
| ३९ | रोहिणीगाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ | २०७८।०३।०७ | ५ | ३ | २ | रोमनाथ न्यौपाने |
| ४० | रोहिणीगाउँपालिकाकोस्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ | २०७८।०३।०७ | ५ | ४ | २ | रोमनाथन्यौपाने |
| ४१ | रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०७८ | २०७८।०३।२८ | ५ | ५ | १ | रोमनाथ न्यौपाने |
| ४२<br>४३ | रोहीणी गाँउपालीकाको विनियोजन ऐन ,२०७८<br>रोहिणीगाउँपालिकाकोस्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन,२०७८ | २०७८।०३।२८<br>२०७८।०३।२८ | ५<br>५ | ६<br>७ | १<br>१ | रोमनाथन्यौपाने |
| ४४ | स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथाव्यवस्थापनकार्यविधि, २०७८ | २०७८।०७।०८ | ५ | ८ | २ | रोमनाथ न्यौपाने |
| ४५ | ग वर्गका अपाङ्ग भएका व्यत्तिलाई परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०७८ | २०७८।१२।१५ | ५ | १ | २ | रोमनाथ न्यौपाने |
| ४६ | रोहिणी गा.पा कर्मचारीको आन्तरिक पर्यटन कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ | २०७८।१२।१५ | ५ | २ | २ | पर्शुराम पोखरेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | खरीद नियमावली सशोधन | ०३/१२/२०७९ | ६ | १ | २ | पर्शुराम पोखरेल |
| ४८ | आर्थिक विधेयक | ०३/१२/२०७९ | ६ | २ | २ | पर्शुराम पोखरेल |
| ४९ | विनियोजन विधेयक | ०३/१२/२०७९ | ६ | ३ | २ | पर्शुराम पोखरेल |
| ५० | अपाङ्ग भएका व्यक्तिहरको परिचयपत्र वितरण कार्यविधि | ०६/११/२०७९ | ६ | ४ | २ | पर्शुराम पोखरेल |
| ५१ | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका | ०६/३०/२०७९ | ६ | ५ | २ | श्रीप्रसाद गौतम |
| ५२ | रोहिणी गा.पा को मर्मत सम्भार कोष संचालन कार्याविधि २०७९ | ०७/३०/२०७९ | ६ | ६ | २ | श्रीप्रसाद गौतम |
| ५३ | रोहिणी गा.पा को जग्गा प्रासी सम्बन्धी कार्याविधि २०७९ | ०७/३०/२०७९ | ६ | ७ | २ | श्रीप्रसाद गौतम |
| ५४ | माटो उत्खनन् सम्बन्धी कार्याविधी २०७९ | ०८/१४/२०७९ | ६ | ८ | २ | श्रीप्रसाद गौतम |
| ५५ | रोहिणी गाउँपालिकामा साविक स्थानीय निकायवाट समायोजन भएका स्थायीकर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन,२०७९ | १०/०५/२०७९ | ६ | ९ | १ | श्रीप्रसाद गौतम |
| ५६ | गाउँपालिकाअध्यक्ष वालिका विमा योजना संचालन कार्यविधि, २०८०. | २०८०/०३/०३ | ७ | १ | २ | श्रीप्रसाद गौतम |
| ५७ | रोहिणीगाउपालिकाको मर्मत सम्भार कार्यविधि २०८० | ०३/०७/२०८० | ७ | २ | २ | श्रीप्रसाद गौतम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५८ | विषयगत समिति संचालान कार्यविधि २०८० | ११/१८/२०८० | ७ | ३ | २ | श्रीप्रसाद गौतम |
| ५९ | रोहिणीगाउँपालिकाको लेखा समिति संचालान कार्यविधि २०८० | ११/१८/२०८० | ७ | ४ | २ | श्रीप्रसाद गौतम |
| ६० | आन्तरिक नियन्त्रणप्रणाली निर्देशिका,२०८० | 12/18/2080 | ७ | १ | १ | श्रीप्रसाद गौतम |
| ६१ | खानेपानीतथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० | 12/21/2080 | ७ | १ | १ | श्रीप्रसाद गौतम |
| ६२ | घ वर्गको निमार्णब्यवसायी इजाजत पत्र सम्बन्धी कार्याबिधि २०७५ मा दोश्रो संशोधन। | २०८0-12-१8 | ७ | ५ | २ | राकेश कुमार चौधरी |
| ६३ | आर्थिक ऐन २०८१ | २०८१-०४-१६ | ८ | १ | १ | राकेश कुमार चौधरी |
| ६४ | रोहिणी गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१ | | ८ | २ | १ | |
| ६५ | विद्यालय तथाशैक्षिक संस्थाहरुमा अनुदान वितरण सम्बन्धी कार्यविधि- २०८२. | २०८2-01-23 | ९ | १ | २ | राकेश कुमार चौधरी |
| ६६ | आर्थिक ऐन २०८२ | | ९ | १ | १ | राकेशकुमार चौधरी |
| ६७ | बजेट तथा कार्यक्रम कार्यान्वयनको प्राथमिकता, मापदण्ड र मार्गदर्शन २०८२/८३ | २०८२-०९-०९ | ९ | १ | - | जगत बहादुर बस्नेत |
| ६८ | रोहिणी गाउँपालिकाको माटो उत्खनन सम्बन्धी कार्यविधि(पहिलो संशोधन),२०८२ | २०८२-१२-१० | ९ | २ | २ | जगत बहादुर बस्नेत |
| ६९ | पुराना भवनको नक्सापास नियमित वा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८२ | २०८२-१२-११ | ९ | ३ | २ | जगत बहादुर बस्नेत |

# <u>कार्य विवरण</u>

१.पदः **प्रशासकीय अधिकृत**

२.तहः सातौ

३.कार्यालयः योजना शाखा

४.सम्पादन गर्नु पर्ने कामको विवरणः

**<u>योजना शाखा प्रमुखको रूपमा</u>**

- गाउँपालिकाको समष्टिगत विकासतथा योजना सम्बन्धि नीति, कानून, मापदण्ड र योजना निर्माणमा गर्ने/गराउने।
- गाउँपालिकाको अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तथा गुरूयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने।
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, पूर्वाधार तथा प्रविधिजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग गर्ने।
- वार्षिक विकास कार्यक्रम तथा आयोजना तर्जुमा एवं कार्यान्वयनमा सहयोग गर्ने, वार्षिक कार्ययोजना तथा खरिद योजना बनाउन सहजिकरण गरी समयमै योजना कार्यान्यिन गर्ने/गराउने।
- स्वीकृत योजनाको कार्यान्वयन कार्यतालिका निर्माण गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजनाको सम्पूर्ण प्रक्रिया अघि बढाउने र ठेक्कापट्टा मार्फत कार्यान्वयन गर्ने योजनाको सम्झौता सम्बन्धि कागजात तयार गरी पेश गर्ने, सबै योजनाको पेश्की, रनिङ बिल तथा अन्तिम बिल भुक्तानी र फरफारकका लागि आवश्यक प्रक्रिया तथा कागजात चेकजाँच गरी भुक्तानी टिप्पणी पेश गर्ने।
- कार्यान्वयनमा रहेका सम्पूर्ण योजनाहरूको व्यवस्थित अभिलेख राख्ने, प्रगति अद्यावधिक गर्ने, म्याद समाप्त हुन लागेका योजनाहरूको आवश्यकता अनुसार म्याद थप सम्बन्धि प्रक्रिया पूर्वाधार विकास शाखासँगको समन्वयमा अघि बढनउने।
- विकास निमार्ण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने/गराउने।
- योजना छनौट तथा कार्यान्वयनको लागि वडा भेलाको आयोजना, उपभोक्ता समूहको गठन, विवरण संकलन तथा अद्यावधिक, खाता संचालन सिफारिस, सम्झौता, कार्यादेश, खाता रोक्का तथा फुकुवा सम्बन्धी कार्य एवं उपभोक्ता समिति र निर्माण व्यवसायीहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने।

- उपभोक्ता समितिहरूले गर्ने सार्वजनिक परीक्षणको गुस्तर मापन गर्ने।
- विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण तथा बजेट विनियोजनमा सहयोग गर्ने।
- संघीय र प्रादेशिक आयोजना,परियोजनाकार्यान्वयनमासमन्वय,सहजीकरणरसहयोगगर्ने।
- विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारणमा सहयोग गर्ने,संचालित योजना तथा कार्यक्रमको अनुगमन तालिका बनाई नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने/गराउने।
- आयोजनाको अध्ययन,अनुसन्धान,वातावरणीय लगायत अन्य प्रभावमूल्याङ्कन तथा सामाजिक परीक्षण गर्ने/गराउने।
- मर्मत सम्भार गर्नु पर्ने योजनाहरूको लगत तयार गर्ने तथा उपभोक्तालाई हस्तान्तरण गर्ने योजनाको प्रक्रिया अघि बढाउने।
- कार्यान्वयनमा रहेका योजनाहरूमा विवाद एवं समस्या सिर्जना भएमा समाधानका लागि प्रयास गर्ने तथा समयमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।
- योजनाहरूको मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति तयार गरी प्रमुख प्रशासकीय अधिकृत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायमा तोकिएको समयावधि भित्र पेश गर्ने।
- शाखामा कार्यरत सहयोगी कर्मचारीहरुको कार्यसम्पादनको नियमित लेखाजोखा गरी आवश्यक सुधारका लागि प्रयास गर्ने।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन(LGPAS) का लागि स्वःमूल्याङ्कन समन्वय समितिको सदस्य सचिव भइ कार्य गर्ने।
- गाउँपालिकाको खरिद समितिको प्रमुख तथा मूल्याङ्कन समितको सदस्य सचिवको रूपमाप्रचलित ऐन, कानून बमोजिम पूर्व योग्यताको प्रस्ताव, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा शिलबन्दी दरभाउपत्र परीक्षण र मूल्याङ्कन सम्बन्धी कार्यहरू गर्ने/गराउने।
- प्रचलित कानून बमोजिम तोकिएका तथा प्रमुख प्रशासकीय अधिकृतले प्रत्यायोजन गरेका र तोकेका अन्य योजना सम्बद्ध कार्यहरू गर्ने/गराउने।

**<u>सूचना अधिकारीको रूपमा</u>**

- सूचना संकलन, प्रशोधन, भण्डारण, अभिलेखीकरण र प्रकाशन सम्बन्धी कार्य गर्ने/गराउने।
- स्थानीय तहको सफल अभ्यासहरुको प्रचार प्रसार र प्रकाशन गर्ने/गराउने।
- सुशासन प्रवर्द्धन तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग तथा राष्ट्रिय सतर्कता केन्द्र लगायत अन्य निगरानी निकायको सम्पर्क ईकाईको रूपमा कार्य गर्ने, विभिन्न उजुरीहरूको छानविन गरी किनारा लगाउन पेश गर्ने।
- माग भएका सूचना विषयगत शाखा एवं वडा कार्यालयहरू सँग समन्वय गरी समयमा उपलब्ध गराउने तथा उपलब्ध गराउन नसकिने भएमा लिखित जानकारी दिने।
- सूचनाको हक सम्बन्धि ऐन/नियमावली बमोजिम प्रत्येक ३/३ महिनामा स्वतःप्रकासन गर्ने/गराउने।
- कार्यालयको वेवसाइट/पेजहरू अद्यावधिक गर्ने/गराउने।
- गाउँपालिकाको सूचना, सञ्चार तथा सम्प्रेषण सम्बन्धि नीति तयार गरी कार्यान्वयनमा ल्याउने।
- राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन अध्ययन गरी गाउँपालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सुझावको कार्यान्वयन गर्ने/गराउने।
- प्रचलित कानून बमोजिम तोकिएका तथा प्रमुख प्रशासकीय अधिकृतले प्रत्यायोजन गरेका र तोकेका अन्य सूचना प्रकाशन तथा प्रसारण सम्बन्धि कार्यहरू गर्ने/गराउने।

१.पदः **सहायक प्रशासकीय अधिकृत**

२.तहः छैटौं

३.कार्यालयः प्रशासन शाखा

४.सम्पादन गर्नु पर्ने कामको विवरणः

**प्रशासन शाखा प्रमुखको रूपमा**

- कार्यालयको दर्ता चलानी तथा पत्र व्यवहार (आन्तरिक र बाह्य) लाई व्यवस्थित गर्ने/गराउने, समयमै पत्राचार गर्ने तथा बुझाएका पत्रहरूको भरपाई व्यवस्थित रूपमा राख्ने।
- सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत, सेवासम्बन्धी तथा अन्य अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने/गराउने।
- कार्यरत कर्मचारीहरूको हाजिरी, लगबुक तथा विदा व्यवस्थापन, अवकास व्यवस्थापन तथा कारवाही सम्बन्धी कार्यहरू गर्ने/गराउने । कार्यालय समय, पोशाक लगायत सम्पूर्ण कर्मचारी आचारसंहिताको पूर्णरूपमा पालना गर्ने/गराउने ।
- सम्पूर्ण कर्मचारीहरूको निरीक्षण र मूल्याङ्कन गरी राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

- गाउँपालिकामा कार्यारत स्थायी, अस्थायी करार तथा ज्यालादारी सम्पूर्ण कर्मचारीहरूको शाखागत, वडागत तथा संस्थागत विवरण तयार गरी अद्यावधिक गर्ने तथा वेवसाइटमा समेत अद्यावधिक गर्न लगाउने।
- रिक्त पदहरूमा सेवा करारमा पदपूर्तिका लागि प्रचलित कानून बमोजिम प्रक्रिया अघि बढाउने, जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास सम्बन्धि अन्य कार्यहरू गर्ने/गराउने।
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने तथा क्षमता विकासका लागि तालिम र अभिमुखीकरण कार्यक्रम संचालन गर्ने/गराउने ।
- सबै शाखा प्रमुख तथा वडा सचिवहरूको कार्यविवरण बनाई कार्यान्वयनमा ल्याउने ।
- नयाँ नियुक्ति र बढुवा भइ आएका कर्मचारीहरूको पदस्थापना सम्बन्धि कार्यहरू गर्ने/गराउने
- कार्यरत कर्मचारीहरूको सरुवा, बढुवा, काज, दरबन्दी मिलान, कार्य जिम्मेवारी दिने तथा अन्य खटनपटन सम्बन्धि कार्यहरू गर्ने/गराउने ।
- कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धि कार्यहरू गर्ने/गराउने तथा कर्मचारी र जनप्रतिनिधिहरूको सम्पत्ति विवरण समयमा पेश गर्न लगाउने ।
- कार्यरत कर्मचारीहरूलाई विभिन्न पुरस्कार, पदक, उपाधि, सम्मान तथा विभुषणको लागि सूचना प्रकाशन तथा विवरण संकलन र सिफारिस सम्बन्धि कार्यहरू गर्ने/गराउने ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको वैठक आयोजना गर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्ने र स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखि पठाउने ।
- ऐन, कानून, नियमावली, कार्यविधि तथा मापदण्डहरू राजपत्रमा प्रकाशन गर्ने/गराउने।
- नियमित कर्मचारी, शाखा प्रमुख, वडा सचिवहरूको बैठक तथा अन्य बैठकहरूका लागि आवश्यक कार्य गर्ने, निर्णय लेखनमा सहयोग गर्ने तथा बैठकको अभिलेख/निर्णय पुस्तिका सुरक्षित राख्ने/राख्न लगाउने तथा माग बमोजिम निर्णय उतार गरी सम्बन्धित निकाय/व्यक्तिलाई उपलब्ध गराउने।
- कार्यपालिका तथा सभाका बैठक/निर्णय पुस्तिका सुरक्षित राख्ने/राख्न लगाउने।
- आगन्तुक पुस्तिका र अनुगमन तथा निरीक्षण पुस्तिका सुरक्षित राख्ने/राख्न लगाउने ।
- गाउँपालिकाले गर्ने सम्पूर्ण सिफारिस सम्बन्धि कार्यहरू गर्ने/गराउने तथा त्यसको अभिलेख सुरक्षित राख्ने तथा व्यवस्थित बनाउने ।

- सेवा प्रवाह व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गर्ने/गराउने तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धि नीति, मापदण्ड, शर्त तथा योजना बनाई कार्यान्वयन गर्ने ।
- कार्यालय खोल्ने, बन्द गर्ने तथा सुरक्षा र सरसफाईको लागि पालो पहरा तथा अन्य व्यवस्था मिलाउने ।
- कर्मचारीहरूका गुनासा तथा आवश्यकताहरूको पहिचान र समाधान गर्ने/गराउने ।
- स्थानीय स्तरमा हुने सार्वजनिक विदा, उत्सव, मेला तथा धार्मिक तथा साँस्कृतिक कार्यहरूलाई व्यवस्थित गर्ने/गराउने ।
- निर्वाचित जनप्रतिनिधि र पदाधिकारीहरूको व्यवस्थित रूपमा अभिलेख राख्ने ।
- अन्य शाखाको कार्य जिम्मेवारीमा नपरेका कार्यहरू गर्ने/गराउने ।
- प्रचलित कानून बमोजिम तोकिएका तथा प्रमुख प्रशासकीय अधिकृतले प्रत्यायोजन गरेका र तोकेका अन्य प्रशासनिक कार्यहरू गर्ने/गराउने ।

**<u>जिन्सी/भण्डारण शाखा प्रमुखको रूपमा</u>**

- खरिद समितिको सदस्य सचिव भई खरिद सम्बन्धि कार्यहरू गर्ने/गराउने ।
- गाउँपालिकामा रहेका, खरिद गरी वा हस्तानतरण भइ आएका वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका मालसामानको विवरण जिन्सी किताबमा आम्दानी बाँधी अद्यावधिक गरी राख्ने।
- विभिन्न शाखा तथा वडा कार्यालयहरूबाट गरिने खरिद कार्यमा आवश्यक सहजिकरण गर्ने, जिन्सी सामग्रीहरूको खरिद, सुरक्षित भण्डारण र आवश्यकता अनुसार बोलपत्र आव्हान सम्बन्धी कार्य गर्ने/गराउने
- प्रत्येक शाखा, उपशाखा तथा वडा कार्यालयहरूबाट स्वीकृत माग फारम अनुसार माग भइ आएको जिन्सी सामान मौज्दातमा भए उपलब्ध गराउने र मौज्दातमा नभए आवश्यक प्रक्रिया पुर्याई बजारबाट खरिद गरी उपलब्ध गराउने ।
- खर्च भइ जाने र खर्च भइ नजाने जिन्सी सामानको बेग्ला-बेग्लै अभिलेख खडा गरी प्रमाणित गराई राख्ने।
- गाउँपालिकाको लेटर प्याड, छाप र हाजिरी सुरक्षित प्रयोग गर्ने/गराउने।
- कार्यालय प्रयोजनार्थ मसलन्द सरसामानहरूको लेखाजोखा गर्ने तथा सोही बमोजिम खरिद प्रक्रिया अघि बढाउने।

- कार्यालयको मालसामानको आम्दानी बाँध्ने तथा भौतिक र अचल सम्पत्तिको अभिलेख राख्ने, जिन्सी अभिलेखलाई चुस्त दुरुस्त राख्ने तथा सबै शाखाहरूको जिम्मेवारीमा रहेका चल-अचल सम्पत्तिको व्यक्तिगत तथा सहायक जिन्सी अभिलेख समेत राख्ने ।
- नयाँ आर्थिक वर्ष शुरू भएपछि अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सार्ने, जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्ने र प्रमाणित गराउने ।
- वार्षिकरूपमा गर्नुपर्ने छपाई सम्बन्धि आवश्यक कार्यहरू गर्ने/गराउने ।
- सरकारी सवारी साधनहरूको नवीकरण तथा बीमा गर्ने/गराउने साथै इन्धन उपलब्ध गराउँदा अनिवार्य लकबुक भर्न लगाउने ।
- जिन्सी मालसामान, सवारी साधन, मेशिनेरी उपकरण, फर्निचर तथा अन्य सामानहरूको सुरक्षा, मर्मत सम्भार, मिन्हा, हस्तान्तरण, लिलाम विक्री तथा जिन्सी निरीक्षण सम्बन्धी कार्य गर्ने/गराउने ।
- कार्यालयलाई आवश्यक पर्ने घर, जग्गा, सवारी साधन तथा मेशिनेरी उपकरण लगायत अन्य सामाग्री खरिद वा भाडामा लिनु पर्ने भए आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय चाडपर्व तथा विभिन्न सभा, समारोह र कार्यक्रमहरूमा आवश्यक सामाग्रीको व्यवस्था मिलाउने ।
- कार्यालयमा फिर्ता नआउने गरी निकासा भएका तथा तालुक र अन्य निकायबाट प्राप्त भएका सामानहरूको हस्तान्तरण सम्बन्धि कार्य गर्ने ।
- माग फारम तथा दाखिला प्रतिवेदनलाई व्यवस्थित गराउने तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)लाई पूर्णरूपमा लागू गर्ने/गराउने ।
- नगदी रसिद तथा अन्य आवश्यक रसिदहरू छपाई समयमै उपलब्ध गराउने र सो को अभिलेख रसिद नियन्त्रण खातामा राख्ने।
- खरिद गरेका जिन्सी सामानहरूको बील भरपाई सहित भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्ने
- शाखामा कार्यरत सहयोगी कर्मचारीहरुको कार्यसम्पादनको नियमित लेखाजोखा गरी आवश्यक सुधारका लागि प्रयास गर्ने।
- प्रचलित कानून बमोजिम तोकिएका तथा प्रमुख प्रशासकीय अधिकृतले प्रत्यायोजन गरेका र तोकेका अन्य भण्डारण सम्बन्धि कार्यहरू गर्ने/गराउने ।

१. **पदः लेखा अधिकृत**

२. तहः सातौ

३. कार्यालयः आर्थिक प्रशासन शाखा

४. सम्पादन गर्नु पर्ने कामको विवरण

- आर्थिक (कार्यविधि) नीति, कानून र मापदण्डको कार्यान्वयन र आर्थिक प्रशासन सञ्चालन।
- स्थानीय सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन ।
- लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोषको सञ्चालन, व्यवस्थापन तथा एकीकृत विवरण तयारी ।
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण ।
- लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन ।
- लगानी र लाभांशको व्यवस्थापन (जनसहभागिता तथा सामुदायिक लगानीको अभिलेख समेत)।
- आर्थिक कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन ।
- नेपाल सार्वजनिक खर्च लेखामान अनुसार वित्तिय विवरण तयारी तथा प्रतिवेदन
- बेरुजू फछ्र्यौट ।
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय ।
- आर्थिक कारोबारको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने कार्य ।
- ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन ।
- धरौटी स्याहा तथा फिर्ता ।
- संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन ।
- संघ, प्रदेश सरकारबाट अन्तरसरकारी अक्तियारी मार्फत प्राप्त कार्यक्रम तथा योजनाको रकम निकाशा तथा व्यवस्थापन ।
- विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन ।
- वडा कार्यालयबाट हुने गरी तोकिएको आर्थिक कारोबारको आर्थिक प्रशासन, व्यवस्थापन र लेखा परीक्षण।
- इकाईसँग सम्बन्धित अन्य कार्यहरु।
- प्रमुख प्रशासकीय अधिकृतले तोकेअनुसारको कार्यालय अन्य कार्यहरू।

१. पदः **जनस्वास्थ्य अधिकृत**

२. तहः सातौ

३. कार्यालयः स्वास्थ्य शाखा

४. सम्पादन गर्नु पर्ने कामको विवरण

- नियमित रुपमा खोप सेवा संचालन गर्ने।
- गाउ घर क्लिनिक सेवा संचालन गर्ने।
- परिवार नियोजन स्थायी परामर्स, घुम्ती शिबिर संचालन,अस्थायी सामग्रीको वितरण गर्ने|
- प्राथमिक उपचार,झाडापखाला,स्वासप्रस्वास जस्ता सरुवा रोगहरुको न्यूनीकरण गर्न पहल गर्ने।
- गर्भवती महिलाको स्वास्थ्य परिक्षण गर्ने,सुत्केरी गराउने, सुत्केरी पश्याचात नवजात शिशुको जाच गर्ने।
- पोषण स्थितिको जानकारी लिइ आवश्यक सल्लाह दिने|
- प्रसुती सेवा उपलब्ध गराउने।
- सामुदायिक महिला स्वास्थ्य स्वमसेबिकाहरुको मासिक बैठकको व्यवस्था गर्ने|
- स्वास्थ्य सम्बन्धि राष्ट्रिय कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने।
- क्षयरोग तथा कुष्ठरोग सम्बन्धि जनचेतना मुलक तथा स्वास्थ्य कार्यक्रम संचालन गर्ने|
- सुरक्षित मातृत्व  र प्रजनन स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने|
- मासिक प्रतिबेदन तयार गरि सोको बारेमा छलफल ,समिक्षा सहित स्वास्थ्य कार्यालयमा पठाउने।
- कार्यालय प्रमुखले एवं शाखा प्रमुखले लगाए अह्राएको तथा शाखा र अन्य कार्यालयसंग समन्वय गरि कार्यहरु गर्ने।
- प्रदुषण मुक्त गाउपालिका क्षेत्र बनाउने।
- खाध्य परिक्षण गरि गाउबसीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने।
- स्वास्थ्य सम्बन्धि तथ्यांक तथा विवरणको अभिलेख राख्ने।
- गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारी, गैर सरकारी निकाय, संघ संस्था तथा निजि क्षेत्र समेतको रेकर्ड अध्यावधिक रुपमा राख्ने व्यवस्था गर्ने।
- गाउबसीलाई आवश्यक प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवा तथा सुबिधा उपलब्ध गराउन सम्बन्धित निकायको सहयोगमा योजनाहरु तयार गरि कार्यन्वयनमा ल्याउने पहल गर्ने।
- जनस्वास्थ्यको बारेमा गाउबसीहरुलाई जानकारी दिने, महामारी नियन्त्रणमा सहकार्य गर्ने|
- बाताबरण सरसफाई, व्यक्तिगत सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।

- सडेगलेका बासी फलफुल ,रोगी वा निषेधित ,मरेका जीव जन्तुको मासु र गुडस्तर बिहिन खाध्य पदार्थको बिक्रि वितरणमा रोक लगाउने आवश्यक नीति तयार गरि कार्यान्वन गर्ने व्यवस्था मिलाउने।
